दमक नगरपालिका, झापा

# स्थानीय राजपत्र

खण्ड :  संख्या : २१  मितिः २०७६।०२।२८

## भाग-१

## दमक नगरपालिका, झापा

**प्रस्तावनाः** स्थानीय आयोजना तथा परियोजनाको नीति निर्माण, छनौट, मापदण्ड तर्जुमा, समन्वय, योजना कार्यान्वयन, अनुगमन, मूल्यांकन , नियमन तथा संरचना निर्माणलाई निर्देशित गर्ने कार्यका लागि नेपालको संविधानको धारा ५७ को उपधारा ४, धारा २२१, धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को  दफा १०२ को अधिकारको प्रयोग गरी दमक नगरसभाले यो ऐन बनाइएको छ ।

### परिच्छेद १
### प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**दमक विकास परियोजना संचालन ऐन, २०७५**"रहेको छ ।

२) यो ऐन नगर सभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा:** यस ऐनमा विषय र प्रसंगले अर्को अर्थ नलागेमा;

क) **"नगरपालिका"** भन्नाले दमक नगरपालिकालाई जनाउने छ ।

ख) **"प्रचलित कानून"** भन्नाले तत्काल कायम रही कृयाशिल रहेका कानूनहरुलाई जनाउने छ

ग) **"विकास"** भन्नाले भौतिक पूर्वाधार र मानव संसाधन विकाशलाई जनाउने छ ।

घ) **"परियोजना"** भन्नाले जनतालाई प्रत्यक्ष परोक्ष लाभ पुर्याउने कामका योजनालाई जनाउने छ ।

ङ) **"लागत अनुमान"** भन्नाले योजना, परियोजना संचालन गर्न अनुमान गरिएको रकमको लेखाजोखालाई जनाउने छ

च) **"ड्रोईङ्ग डिजाईन"** भन्नाले योजना परियोजनाको नक्सा अनुमानलाई जनाउने छ ।

छ) **"अनुगमन"** भन्नाले योजना परियोजना संचालन ठिक ढंगले संचालन भए नभएको निरीक्षण गर्ने कामलाई जनाउने छ ।

ज) **"फरफारक"** भन्नाले योजना परियोजना संचालन भई काम सम्पन्न भई सकेको अन्तिम निर्णयलाई जनाउने छ ।

झ) **"लगत स्टीमेट"** भन्नाले योजना सम्पन्न गर्नको लाागि प्राविधिकले तयार गरेको लागत अनुमानलाई जनाउने छ ।

## परिच्छेद २
## योजनाको वर्गिकरण तथा संचालन

३. **योजना परियोजनाको वर्गिकरण :** १) नगर भित्रका योजना तथा परियोजनाहरुलाई टोल स्तरीय, वडा स्तरीय,नगर स्तरीय, प्रदेश

स्तरीय र राष्ट्रिय स्तरीय योजना परियोजनाको रुपमा नगरसभाले निर्णय गर्ने छ। निर्णय गर्ने प्रकृया तोकिए बमोजिम हुनेछ।

२) टोल स्तरका योजनाबाट टोलबासीले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा लाभ लिन सक्ने छन्।

३) वडा स्तरका योजना, परियोजनाबाट वडाबासीले प्रत्यक्ष, अप्रत्यक्ष रुपले लाभ लिन सक्ने छन्।

४) नगर स्तरका योजनाबाट एक वडा भन्दा वढी वडाका नागरिकले प्रत्यक्ष, अप्रत्यक्ष रुपले लाभ लिन सक्ने छन्।

५) राष्ट्रिय स्तरका योजनाबाट एक वडा वा सो भन्दा वढी वडा वा नगरका नागरिकले प्रत्यक्ष, अप्रत्यक्ष रुपमा लाभ लिन सक्ने छन्।

४. **योजनाको लागतका आधारमा वर्गिकण** : (१) जुनसुकै तहबाट लगानी भई संचालन भएका योजना परियोजनाहरु देहाय बमोजिम वर्गिकरण गर्न सकिनेछ :

क) टोल स्तरका योजना रु. २५,००,०००। सम्मका हुनेछन ,

ख) वडा स्तरका योजना रु. ५०,००,०००। सम्मका हुनेछन्।

ग) नगर स्तरका योजना रु. ३०,००,००,०००। र सो भन्दा माथिका योजना हुनेछन,

घ) प्रदेश स्तरका योजना रु. ५०,००,००,०००। र सो भन्दा माथिका योजना हुनेछन,

ङ) राष्ट्रिय स्तरका योजना रु. ५०,००,००,०००। भन्दा माथिका योजना हुनेछन।

२) जुनसुकै तहबाट लगानी भई संचालन भएता पनि लागतका आधारमा योजना परियोजनाको नामाकरण वर्गीकरण गर्नु पर्नेछ।

**५. योजना छनौट प्रकृया** : जुनसुकै योजना, परियोजना छनौट गर्न देहाय बमोजिमको प्रकृया पुरा गरेको हुनुपर्ने :

(क) कानून सम्मत योजनाको छनौट र सम्बन्धित सभाबाट अनुमोदन वा पारित भएको हुनु पर्नेछ,

(ख) योजनाको किसिम : अल्पकालिन  वा दिर्घकालिन किटान भएको ,

(ग) लागतको स्रोत खुलाइएको,

(घ) छनौट सम्बन्धी अन्य प्रकृया तोकिए बमोजिम हुनेछ ।

**६. योजना संचालन प्रकृया** :जुनसुकै योजना परियोजना संचालन गर्न देहाय बमोजिमका प्रक्रिया पुरा गरेको हुनुपर्देछ ।

(क) योजना संचालन अमानत, उपभोक्ता समुह मार्फत वा ठेक्का पट्टा मार्फत संचालन गरीने छ ।

(ख) कुन योजना अमानत, उपभोक्ता र ठेक्काबाट गर्ने भन्ने कुरा तोकिए बमोजिम हुनेछ ।

(ग) उपभोक्ता समिति निर्माण उपभोक्ता समिति संचालन कार्यविधि अनुसार गठन गर्ने छन्

(घ) निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्नु पर्नेछ ।

(ङ) विकास निर्माणको अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ३
## योजनाको संरक्षण र गुणस्तर

**७. योजनाको गुणस्तर र संरक्षण** : (१) योजना दिगो र गुणस्तरीय हुनु पर्नेछ ।

(२) योजनाको रेखदेख र मर्मत सुधार नगरपालकाले तोके बमोजिम हुनेछ ।

(३) राष्ट्रिय स्तरका योजना सम्पन्न पश्चात योजनाको मर्मत संहारको दायित्व संघ, प्रदेश र नगर  तिनै तहको हुनेछ ।

(४) टोल, वडा र नगर योजनाको संरक्षणको दायित्व स्थानीय तहको हुनेछ ।

(५) योजना र परियोजनाको थप संरक्षण तोकीए बमोजिम हुनेछ ।

८. **योजना समिक्षा र जाँच पास** : (१) नगरपालिकाले वार्षिक समिक्षा प्रतिवेदनको अभिलेख राख्नु पर्दछ ।

(२) नगरपालिकाले संचालन गरेको योजना परियोजनाको अभिलेख तथ्यांक शाखा, उपशाखा वा ईकाइले राख्नु पर्दछ

(३) योजनाको डिजाइन र लागत अनुमान अधिकार प्राप्त व्यक्तिबाट स्वीकृत गराउनु पर्नेछ ।

(४) उपभोक्ताबाट संचालन गरिने योजनाको लागत अनुमान र डिजाइन प्राविधिकबाट प्रष्ट पार्नु  पर्नेछ ।

(५) योजना सम्बन्धी अभिलेख शाखाले तोकीएको ढाँचामा राख्नु पर्नेछ ।

(६) योजनाको अनुगमन उप प्रमुखको संयोजकत्वमा गठन भएको समितिले गर्ने छ । अनुगमन र जाँचपास गर्ने कार्यविधि तोकीए बमोजिम हुनेछ ।

९. **योजनाको गुणस्तर कायम** : (१) योजनाको गुणस्तर कायम गर्न देहाय बमोजिम गरिनेछ :

(क) लागत अनुमान योजना संचालन गर्न प्रयोग गरिने सामाग्रीको स्रोत र गुणस्तरता,

(ख) गुण स्तर चिन्ह प्राप्त सामाग्री,

(ग) सामग्रीको प्रयोगमा प्रयोग गरिने मात्रा,

(घ) निर्माण कार्यको प्रभावकारीता,

(ङ) योजनाको अनुगमन,

(च) प्राविधिक प्रतिवेदन,

(छ) तेस्रो पक्षको मूल्यांकन,

(ज) सामाजिक परिक्षण तथा खर्च सार्वजनिकरण,

## परिच्छेद ४
## आवास योजना तथा भवन निर्माण मापदण्ड

**१०. आवास सम्बन्धी योजना** : (१) नगरपालिकाले आवास क्षेत्र तोक्न सक्ने छ। तोकिएको आवास क्षेत्रमा बाटो, नाला, खानेपानी, विद्युत, टेलिफोन जस्ता आधारभूत आवश्यक्ता उपलब्ध हुनु पर्नेछ।

(२) आवास क्षेत्रमा भौगोलिक वनावट, बाटोको माप दण्डका आधारमा तोकिए बमोजिम भवन निर्माण इजाजत दिईनेछ।

(३) आवास योजना स्वीकृति दिदा नगरपालिकाले देहायबमोजिमको कुरालाई ध्यान दिनु पर्दछ

(क) खुल्ला क्षेत्र कम्तीमा १० प्रतिशत,

(ख) पार्किङ स्थल,

(ग) विद्यालय, अस्पताल, स्वास्थ्य केन्द्र, वाचनालय, वित्तिय कारोवारको क्षेत्र,

(घ) ढल निकास, फोहोर मैला व्यवस्थापन

**११. बाटोको मापदण्डको आधारमा भवन निर्माण** : नगरपालिका क्षेत्र भित्र भवन बनाउने ईजाजत दिदा देहाय बमोजिमको बाटोको मापदण्ड हुनु पर्दछ :

(क) तीन तला सम्मको भवनको लागि कम्तीमा २० फुटे बाटो २५ प्रतिशत खुल्ला क्षेत्र,

(ख) पाँच तला सम्मको भवनको लागि कम्तीमा ४० फुटे बाटो र २० प्रतिशत खुल्ला क्षेत्र,

(ग) पाँच तला भनदा माथी सात तला सम्मको भवनको लागि कम्तीमा ५० फुटे बाटो र ३० प्रतिशत खुल्ला क्षेत्र,

(घ) सात तला भन्दा माथी दश तला सम्मको भवनको लागि कम्तीमा ५० फुटको वाटो र ४० प्रतिशत खुल्ला क्षेत्र,

(ङ) दश तला भन्दा माथीको भवनको लागि बाटो कम्तीमा ५० फुटको र ५० प्रतिशत खुल्ला क्षेत्र

**१२. तला अनुसार घरको क्षेत्रफल** : घर नक्सा डिजाइन ,इजाजत, निर्माण सम्पन्न प्रमाण लगायत घर नक्सा सम्बन्धी प्रकृया अख्तियारी संघीय कानूनमा व्यवस्था भए बमोजिमको हुने छ ।

## परिच्छेद ५
## विविध

**१३. योजना तथा परियोजनामा जनताप्रति उत्तरदायि हुनु पर्ने** : (१) नगरपालिकाले संचालन गर्ने कुनै पनि योजना परियोजना जनता प्रति उत्तरदायी र जनताको हित हुने हुनु पर्दछ ।

(२) जनसहभागीतालाई प्राथमिकता दिनु पर्दछ ।

(३) योजना परियोजना संचालनको विधि प्रकृया बारे नगरपालिकाले जनतालाई प्रस्ट पर्नु पर्दछ ।

(४) योजना परियोजना, संरक्षण र दिगो उपभोगका लागि उपभोक्तालाई नगरपालिकाले प्रशिक्षित गर्नु पर्दछ ।

(५) जनताको आर्थिक संलग्नता हुने योजना र परियोजनाका लागि छनौटमा प्राथमिकता दिनु पर्दछ

१४. **नियम बनाउन सक्ने** : यस ऐनलाई व्याख्या, कार्यान्वयन गर्न आवश्यक्ता अनुसार नगरपालिकाले नियम, निर्देशिका, कार्यविधि बनाई लागू गर्न सक्ने छ ।

१५. **वाधा अड्काउ फुकाउने** : यो ऐन कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ आईपरेमा प्रचलित कानून बमोजिम नगर कार्यपालिकाले वाधा अड्काउ फूकाउन सक्नेछन् ।

१६. यो ऐनमा उल्लेख भएको कुरा यसै ऐन बमोजिम हुनेछ । यस ऐनमा उल्लेख नभएको कुरा प्रचलित कानून बमोजिम हुनेछ

१७. **ऐनको संशोधन र खारेजी** : यस ऐनलाई समय सापेक्ष बनाउन समय अनुसार संशोधन र खरेजी गर्न सकिने छ ।

**आज्ञाले**
**गणेश प्रसाद तिम्सिना**
**प्रमुख प्रशासकीय अधिकृत**